# शैक्षिक व्यवस्थापनमा विद्यालय व्यवस्थापन समितिको भूमिका

त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र सङ्काय शैक्षिक योजना तथा व्यवस्थापन विभाग अन्तर्गत स्नातकोत्तर तह द्वितीय वर्ष (एम.एड.)को आंशिक आवश्यकता परिपूर्तिका लागि प्रस्तुत

**शोधपत्र**


**प्रस्तुतकर्ता**

कुसुमकुमारी चौधरी
क्याम्पस क्रमाङ्क : ६२/२०६९
परीक्षा क्रमाङ्क : २०४००४४/७१
त्रि.वि.द.नं.: ९-२-२०४-१००-२००७



**कनकाई बहुमुखी क्याम्पस**
**शैक्षिक योजना तथा व्यवस्थापन विभाग**
**सुरुङ्गा, झापा**
**वि.सं.२०७५/इ.सं.२०१९**

त्रि.वि.बाट सम्बन्धन प्राप्त

# कनकाई बहुमुखी क्याम्पस

कनकाई नगरपालिका, सुरुङ्गा (झापा)

स्था : २०४७

☎ ०२३-५५०१५३
Fax : ०२३-५५०८५३
Email : kanakai.campus47@gmail.com

च.नं.
प.सं.

मिति :............................

## सिफारिस पत्र

त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र संकाय, शैक्षिक योजना तथा व्यवस्थापन विभाग, स्नातकोत्तर तह (एम. एड.) द्वितीय वर्षका परीक्षा क्रमाङ्क २०४००४४/२०७१ का छात्रा कुसुमकुमारी चौधरीले मेरो प्रत्यक्ष निर्देशनमा **शैक्षिक व्यवस्थापनमा विद्यालय व्यवस्थापन समितिको भुमिका** शीर्षकमा तयार पारेको शोधपत्र प्रति म सन्तुष्ट छु । यस शोधपत्रलाई अन्तिम मूल्याङ्कनका लागि शोधपत्र मूल्याङ्कन समितिमा सिफारिस गर्दछु ।

मिति : ०३ डिसेम्बर २०१८

मोहनप्रसाद ओली
शोध निर्देशक

त्रि.वि.बाट सम्बन्धन प्राप्त
# कनकाई बहुमुखी क्याम्पस
कनकाई नगरपालिका, सुरुङ्गा (झापा)
स्था : २०४७
☎ ०२३-५५०१५३
Fax : ०२३-५५०८५३
Email : kanakai.campus47@gmail.com

च.नं.
प.सं.

मिति :..........................

## स्वीकृति पत्र

त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र संकाय, शैक्षिक योजना तथा व्यवस्थापन विभाग, स्नातकोत्तर तह (एम. एड.) द्वितीय वर्ष परीक्षा क्रमाङ्क २०४००४४/२०७१ का छात्रा कुसुमकुमारी चौधरीले **शैक्षिक व्यवस्थापनमा विद्यालय व्यवस्थापन समितिको भुमिका** शीर्षकमा तयार पारेको शोधपत्र मूल्याङ्कन समितिबाट स्वीकृत गरिएको छ ।

शोध मूल्याङ्कन समिति

| नाम/थर | पद | हस्ताक्षर |
|---|---|---|
| १. सहायक प्रा. मोहनप्रसाद ओली | विभागीय प्रमुख | ........................ |
| २. सहायक प्रा. मोहनप्रसाद ओली | शोध निर्देशक | ........................ |
| ३. प्रा.डा. प्रदिपचन्द्र गौतम | बाह्य परीक्षक | ........................ |

मिति : १७ जनवरी २०१९

# कृतज्ञता ज्ञापन

प्रस्तुत शोधपत्र त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र सङ्काय, शैक्षिक योजना तथा व्यवस्थापन विभाग, कनकाई क्याम्पस सुरुङ्गा, झापामा पेश गर्नका लागि तयार पारिएको हो । त्यसैले यस विभाग तथा क्याम्पसप्रति म आभारी छु । सर्वप्रथम शोधपत्र तयारीमा अमूल्य समय दिएर निरन्तर सहयोग र सुझाव दिनुहुने शोध निर्देशक कनकाई बहुमुखी क्याम्पसका सहायक प्रा. मोहनप्रसाद ओलीप्रति हार्दिक कृतज्ञता ज्ञापन गर्दछु ।

त्यस्तै अध्ययन कार्यमा सहयोग पुऱ्याउनु हुने कनकाई क्याम्पसका क्याम्पस प्रमुख विकास उप्रेती साथै शैक्षिक योजना तथा व्यवस्थापन विभागका विभागीय प्रमुख आशा शर्मा शिवाकोटी तथा विभागका सहायक प्रा. योन्देन सुनुवार, सहायक प्रा. गोपीकृष्ण भट्टराई, उपप्रा. ठाकुरप्रसाद रसाइलीप्रति हार्दिक धन्यवाद व्यक्त गर्दछु ।

नमुना छनोटमा परेका विद्यालयहरू देवी मा.वि. बिर्तामोड, दुर्गा मा.वि. बिर्तामोड, सरस्वती मा.वि. हल्दीबारीलाई विशेष धन्यवाद दिन चाहन्छु । जीवनका हरेक क्षणमा सफलता चाहने मेरा बुबाआमाप्रति हार्दिक धन्यवाद व्यक्त गर्न चाहन्छु । यस शोधपत्रलाई कम्प्युटर टाइप, प्रिन्टिङ तथा बेन्डिङ गरी सहयोग पुऱ्याउनु हुने सौजन्य डेस्कटप बिर्तामोड-१ की मैया बरालप्रति धन्यवाद व्यक्त गर्दछु ।

---------------

कुसुम चौधरी

# शोधसार

प्रस्तुत **शैक्षिक व्यवस्थापनमा विद्यालय व्यवस्थापन समितिको भूमिका** शीर्षकमा गरिएको हो । यो शोधपत्रको प्रमुख उद्देश्य सामुदायिक माध्यमिक विद्यालयको शैक्षिक व्यवस्थापनको विद्यमान अवस्थाको अध्ययन गर्नु हो । शैक्षिक गुणस्तर अभिवृद्धिका लागि शैक्षिक व्यवस्थापनमा जोड दिनु आवश्यक भएकाले शैक्षिक व्यवस्थापनमा बढी केन्द्रित भई प्रस्तुत अध्ययन सम्पन्न गरिएको छ ।

यस अध्ययनमा सङ्ख्यात्मक र गुणात्मक दुवै विधि अपनाइएको छ । सम्भावनायुक्त नमुना छनोट विधिको प्रयोग गरिएको छ । स्रोतकेन्द्रबाट १/१ वटा विद्यालय पर्ने गरी जम्मा ३ वटा सामुदायिक माध्यमिक विद्यालयहरूका विद्यालय व्यवस्थापन समितिका अध्यक्ष, प्रत्येक विद्यालयहरूबाट ३/३ जना पर्ने गरी सम्बन्धित विद्यालयका शिक्षकहरू, प्रधानाध्यापकहरू तथा समूह छलफल र विद्यालय अवलोकनका रुजुसुचिबाट आवश्यक तथ्याङ्क सङ्कलन गरिएको छ । तथ्याङ्क सङ्कलनका लागि निर्माण गरिएका साधनहरूलाई शोधनिर्देशकको सहायताबाट बैधता प्रदान गर्ने कार्य गरिएको छ ।

यस अध्ययनलाई पूरा गर्नका लागि व्यवस्थापनका विभिन्न सिद्धान्तहरूमध्ये व्यवहारवादी सिद्धान्त र मानव सम्बन्ध सिद्धान्तलाई सैद्धान्तिक खाकाको रूपमा लिइएको छ । व्यवहारवादी सिद्धान्तका अनुसार विवेकपूर्ण निर्णयलाई केन्द्रमा राखी सङ्गठनको साझा लक्ष्य र संगठनमा आबद्ध व्यक्तिका लक्ष्यबीच सन्तुलन कायम गरी अघि बढेमा विद्यालयको लक्ष्य प्राप्तिमा सघाउ पुग्छ । मानव सम्बन्ध सिद्धान्तअनुसार विद्यालयमा कार्यरत सम्पूर्ण व्यक्तिहरूबीच सुमधुर सम्बन्ध कायम राखी शैक्षिक व्यवस्थापनलाई प्रभावकारी बनाउन सकिन्छ । विद्यालय व्यवस्थापन कमजोर बन्दै गइरहेको वर्तमान अवस्थामा व्यवस्थापनका यी सिद्धान्तहरूले सहयोग पुऱ्याउन सक्ने हुँदा यिनिहरूलाई अध्ययनको सैद्धान्तिक खाकाको रूपमा राखिएको छ ।

अध्ययनको क्रममा सङ्कलित तथ्यहरूको विश्लेषण गर्दा सामुदायिक विद्यालयहरूको व्यवस्थापनको केन्द्रको रूपमा प्रधानाध्यापक तथा विद्यालय व्यवस्थापन समिति रहेको पाइयो । यद्यपि शैक्षिक योजना निर्माण र कार्यान्वयन, विद्यार्थी परामर्श सेवा, परीक्षा व्यवस्थापन, विद्यार्थी मूल्याङ्कन तथा पृष्ठपोषण दिने जस्ता कार्यमा प्रधानाध्यापक तथा विद्यालय व्यवस्थापन समितिको भूमिका प्रभावकारी नभएको देखिन्छ । त्यस्तै विद्यालय

तथा कक्षा अवलोकन, नमूना पाठ प्रदर्शन, पृष्ठपोषण प्रदान जस्ता कार्यमा स्रोतव्यक्तिहरूको नियमितता नभएको देखिन्छ भने विद्यालय निरीक्षणका यस्ता क्रियाकलापमा विद्यालय व्यवस्थापन समितिका साथै विद्यालय निरीक्षकको संलग्नता नै नभएको देखिन्छ । फलस्वरूप विद्यालय र समुदायबीच प्रगाढ सम्बन्ध हुन नसक्नु, विद्यालयमा पर्याप्त दरवन्दी उपलब्ध नहुनु, राजनैतिक किचलो, विद्यार्थी अनियमितता, विभिन्न प्रकृतिका शिक्षक रहने वर्तमान राष्ट्रिय शैक्षिक नीतिको कारण शिक्षकहरूको मनोवल उच्च हुन नसक्नु, बालमैत्री शिक्षण हुन नसक्नु, निरीक्षण, अनुगमन तथा मूल्याङ्कनको अनियमितता जस्ता समस्याहरू विद्यालयमा रहेको निष्कर्ष निकालिएको छ ।

विद्यालयको शैक्षिक व्यवस्थापन सुधारका लागि विद्यालयमा रहेका सम्पूर्ण शिक्षक, कर्मचारी तथा समुदायबीच सुमधुर सम्बन्ध कायम राख्नुपर्ने, योजना निर्माण र निर्णय प्रक्रियालाई सहभागितामूलक बनाइनुपर्ने, कार्यक्षमता अभिवृद्धिको लागि विद्यालय व्यवस्थापन समिति तथा प्रधानाध्यापकले आवश्यक पहल गर्नुपर्ने, सरकारले शैक्षिक लगानीमा वृद्धि गर्नुको साथै स्पष्ट नीति निर्माण गरी शिक्षकको पेशागत स्थायित्वको व्यवस्था गर्नुपर्ने, सुपरिवेक्षण तथा अनुगमनको कार्यलाई प्रभावकारी बनाइ राम्रो कार्य गर्ने र नगर्नेलाई दण्ड र पुरस्कारको व्यवस्था गर्नुपर्ने र विद्यालय सुधारका लागि सरोकारवाला सबैले हातेमालो गर्दै आ-आफ्नो क्षेत्रबाट दत्तचित्त भएर लागि गर्नुपर्ने देखिन्छ ।

# विषयसूची

## परिच्छेद एक : परिचय


१.१ अध्ययनको पृष्ठभूमि १

१.२ समस्याको कथन ६

१.३ अध्ययनको औचित्य ७

१.४ अध्ययनको उद्देश्य ८

१.५ अनुसन्धानका प्रश्नहरू ८

१.६ अध्ययनको परिसीमा ९

१.७ सम्बन्धित शब्दावलीको परिभाषा ९


## परिच्छेद दुई : सम्बन्धित साहित्यको पुनरावलोकन तथा अध्ययनको सैद्धान्तिक खाका


२.१ सम्बन्धित साहित्यको पुनरावलोकन १०

२.२ अध्ययनको सैद्धान्तिक खाका १५

२.३ शैक्षिक उपादेयता १७


## परिच्छेद तीन : अध्ययन विधि


३.१ अनुसन्धानात्मक ढाँचा १९

३.२ जनसङ्ख्या तथा नमुना छनोट १९

३.३ तथ्याङ्कको स्रोत २०

३.३.१ प्राथमिक स्रोत २०

३.३.२ सहायक स्रोत २०

३.४ तथ्याङ्क सङ्कलनका साधन २०

३.५ तथ्याङ्क सङ्कलन प्रक्रिया २१

३.६ तथ्याङ्कको विश्लेषण प्रक्रिया २१


## परिच्छेद चार : नतिजाको विश्लेषण


४.१ विद्यालय व्यवस्थापनको वर्तमान अवस्था २२

४.१.१ योजना निर्माण र कार्यान्वयनको अवस्था २२

४.१.२ विद्यालयमा भौतिक तथा शैक्षिक व्यवस्थापनको अवस्था २४

४.१.३ शिक्षक विद्यार्थीको नियमितताको अवस्था २६
४.१.४ कमजोर विद्यार्थीका लागि विशेष व्यवस्था २८
४.१.५ पाठ्यक्रम, पाठ्यपुस्तक, शैक्षणिक सामग्रीको उपलब्धता र प्रयोगको अवस्था २९
४.१.६ कक्षा अवलोकन तथा निरीक्षणको अवस्था ३१
४.१.७ प्र.अ. तथा शिक्षकको कार्यमूल्याङ्कनको अवस्था ३३
४.१.८ विद्यार्थी मूल्याङ्कन र प्रगति विवरणको व्यवस्थापन ३५
४.२ विद्यालयको शैक्षिक व्यवस्थापनमा देखापरेका प्रभावहरू ३५
४.३ शैक्षिक व्यवस्थापनमा देखापरेका समस्याहरू ३७
४.४ शैक्षिक व्यवस्थापनमा देखापरेका समस्या समाधानका उपायहरू ३९
**परिच्छेद पाँच : निष्कर्ष र कार्यान्वयन तथा सिफारिस**
५.१ निष्कर्ष ४२
५.२ कार्यान्वयन तथा सिफारिस ४५
५.२.१ नीतिगत तह ४५
५.२.२ अभ्यासगत तह ४७
५.२.३ अनुसन्धान तह ४८
सन्दर्भग्रन्थसूची
अनुसूची

# तालिका सूची


१ : योजना निर्माण र कार्यान्वयनको अवस्था २३

२ : पाठ्यक्रम, शिक्षक निर्देशिका तथा शैक्षिक सामग्रीको उपलब्धता तथा प्रयोग ३०